# तपाईंको भाषा बोल्नुहोस् ।

## दुईवटा भाषामा बोल्ने कुरा सीप र सम्पत्ति हो

SPEAK YOUR LANGUAGE
Celebrating the Power of Bilingualism





### तपाईंको बच्चाको लागि एउटा भाषाभन्दा धेरै भाषा सिक्नु राम्रो कुरा हो

तपाईंको बच्चालाई तपाईंको मातृभाषा सिकाउनाले तपाईंको संस्कृतिमा गहिरो र दीर्घकालीन सम्बन्ध विकास गर्न सहायता गर्छ

साना बालबालिकामा एकै समयमा धेरै भाषाहरू सिक्ने अद्वीतीय क्षमता हुन्छ

एउटा भाषाभन्दा धेरै भाषाको ज्ञानले तपाईंको बच्चाको सृजनात्मक सोचाइ र समस्या समाधान गर्ने सीपहरू विकास गर्न सक्छ

तपाईंको मातृभाषाको तपाईंको पूर्ण ज्ञान बाँड्नाले तपाईंको बच्चालाई प्रभावकारी रूपले अङ्ग्रेजी सिक्ने आधार दिन्छ

### दुईवटा भाषा बोल्न सक्ने सीपले विद्यार्थीहरूलाई कलेज र पेशाको निम्ति प्रतिस्पर्धी हुन सहायता गर्छ

दुई वा सोभन्दा धेरै भाषा बोल्ने दीक्षान्तित भएको युवाले जागिरको मौका पाउने धेरै पहुँच हुन सक्छ

हाइ स्कुलमा विद्यार्थीहरूले दुईवटा भाषाको ज्ञानको निम्त क्रेडिट र Seal of Biliteacy पाउन सक्छन्

दुईवटा भाषाको कार्यक्रमले विद्यार्थीहरू र परिवारहरूका निम्त सुधार गरेको छ भनेर राष्ट्रिय अनुसन्धानले देखाएको छ

*दुईवटा भाषा कार्यक्रमहरूका बारेमा तपाईंको स्कुलको जिल्लालाई सोध्नुहोस्

### यसरी आफ्नो मातृभाषा सिक्न तपाईंको बच्चालाई सहायता गर्नुहोस्:

भाँडा पखाल्ने, सामान किन्न पसलमा जाने वा सवारी चलाउने र यताउता हिँड्नेजस्ता दैनिक क्रियाकलापहरूको समयमा उनीहरूसँग कुराकानी गर्नुहोस्

तपाईंको मातृभाषामा उनीहरूसँग गीत गाउनुहोस् र मिलेर कथाहरू सुन्नुहोस्

उनीहरूसँगै पढ्नुहोस्, तपाईंको मातृभाषामा पुस्तक छ कि भनेर तपाईंको पुस्तकालयलाई सोध्नुहोस्

तपाईंको बच्चाको बहुभाषिक सीपहरू कायम राख्न सहायता गर्न उनीहरूको जीवनभरि उनीहरूसँगै तपाईंको मातृभाषामा कुराकानी गर्नुहोस्

http://www.cde.ca.gov/sp/cd/ce/documents/dllresearchpapers.pdf; http://www.earlyedgecalifornia.org/our-issues/dll/;
http://fcd-us.org/sites/default/files/Challenging%20Common%20Myths%20Update.pdf
तपाईंले यहाँ यसको बारेमा अनुवाद भएको भिडियो हेर्नुहोस्: https://www.weareoneamerica.org/world-language-credit-translations; Seal of Biliteracy को बारेमा धेरै कुराहरू जान्न: http://sealofbiliteracy.org/
*Collier, Virginia P. र Wayne, Thomas P. रूपान्तरित संसारको लागि दुईटा भाषाको शिक्षा । (Dual Language Education for a Transformed World.)* Albuquerque: Fuente Press, 2012. प्रिन्ट.